**UNITED NATIONS** **NATIONS UNIES**

# महासचिवको विज्ञप्ति

२०६५ कार्तिक १५

मौलिक शान्ति प्रक्रिया एवम् राष्ट्रिय मेलमिलापबाट राजनीतिक सामाजिक रूपान्तरण प्रक्रियामा अघि बढिरहेको मुलुक र संयुक्त राष्ट्रसंघको एक महत्वपूर्ण सदस्य राष्ट्र नेपालमा आउन पाउँदा म निकै हर्षित छु।

२००५ मा शुरु भएको यस शान्ति प्रक्रियाका विभिन्न चरण र प्रतिफलहरूलाई महासचिव हुनु अगावै देखि मैले गहन चासोका साथ नियालिरहेको थिएँ र मैले कार्यभार सम्हालेदेखि नै शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघले खेलेको भूमिकालाई व्यक्तिगत रूपले नै पूर्ण समर्थन गर्दै आएको छु।

नेपालका विकासका प्रयासहरू, १० वर्षे द्वन्द्वको अन्त्यका लागि यसले गरेको संघर्ष, मानवअधिकारको प्रबर्धन र रक्षाका लागि यसको लडाईं र २००६को विस्तृत शान्ति सम्झौताको कार्यान्वयनमा संयुक्त राष्ट्रसंघ निकटतम साझेदार रहेको कुरामा मलाई गर्व छ।

म शान्ति स्थापना गर्नमा नेपाली जनताले हासिल गरेको उल्लेख्य एतिहासिक प्रगति र विशेषगरी सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायको प्रशंसा र सम्मान प्राप्त गरेको- समग्रमा शान्तिपूर्ण तरिकाबाट- गत चैतमा सम्पन्न भएको सफल संविधानसभाको निर्वाचनका लागि बधाइ ज्ञापन गर्न नेपाल आएको छु।

शान्ति र परिवर्तनको सुदृढिकरणमा संयुक्त राष्ट्रसंघको सहायतालाई निरन्तरता दिने दृढ प्रतिबद्धता दोहोर्याउन पनि म यहाँ आएको हुँ।

हामीले धेरै प्राप्त गरिसके तापनि अझ धेरै गर्न बाँकी छ। हामीले सामना गर्नुपर्ने अनगिन्ती चुनौतीहरू अझै बाँकी छन्। यो भ्रमण छोटै भए पनि एतिहासिक परिवर्तनको प्रक्रियाबाट अगाडि बढिरहेको मुलुकको परिवर्तन महसुस गर्ने अवसर बन्ने कुरामा म विश्वस्त छु।

म प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाल सरकार र नेपाली जनताको हार्दिक निमन्त्रणाका लागि धन्यवाद दिन चाहन्छु।साथै मैले यो शान्ति प्रक्रियालाई सम्पन्न गर्न र दीर्घकालीन शान्ति स्थापना र विकासलगायतका विषयमा अन्मिन र अन्य राष्ट्रसंघीय निकायहरूले कसरी योगदान दिन सक्छन् भन्ने बारे आयोजकहरूसँग फलदायी छलफल हुने आशा लिएको छु।

धन्यवाद